कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्याः ४४, २०७९-२०८४
मिति २०८१/०३/०९ को
निर्णय प्रमाणित ..............

# कोहलपुर नगर कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक नं ४४, २०७९-२०८४)

मिति : २०८१ असार ०९ गते

**निर्णयहरुः**

१. कोहलपुर नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समीक्षा गरियो । कार्यपालिकाका निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।

२. कोहलपुर नगरपालिकाको मिति २०८१ बैशाख १० गते बसेको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट तयार गरिएको वडागत तथा क्षेत्रगत बजेट सीमालाई अनुमोदन गर्ने र स्रोत अनुमान समितिको निर्णय कार्यान्वयन गर्नुका साथै सीमा भित्र रही तर्जुमा गरिएका बजेट तथा कार्यक्रमलाई आगामी नगरसभामा पेश गर्ने ।

३. आगामी आर्थिक वर्ष २०८१/०८२ को पन्ध्रौं नगरसभामा पेश गर्न प्रस्ताव गरिएको नीति तथा कार्यक्रम माथी बुँदागत रुपमा छलफल गरियो। छलफलको क्रममा प्राप्त सुझावहरुलाई समेटी अन्तिम रुप दिई नगर सभामा पेश गर्ने।

४. आगामी आर्थिक वर्ष २०८१/०८२ को यस नगरपालिकाको राजश्व तथा व्यय अनुमान बजेटका विषयमा छलफल भयो । पेश भएको राजश्व तथा व्यय अनुमान अनुमोदन गरी नगरसभामा पेश गर्ने ।

५. नगरपालिका अन्तर्गतका शाखा/ उपशाखाहरुको विषयगत समितिबाट निर्णय भई आएका एवं वडा सिलिङ्मा विनियोजित बजेट अन्तर्गतका विभिन्न वडाहरुबाट प्राप्त बजेट योजना तथा कार्यक्रमहरुको बारेमा बुँदागत रुपमा छलफल गरियो । बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी मार्गदर्शन एवं नेपाल सरकारको एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र ब्याख्या, २०७४ को अनुकुल हुने गरी शाखा/ उपशाखा एवं वडाका बजेट तथा कार्यक्रममा आवश्यक संशोधन सहित वार्षिक आय तथा व्ययको विवरण सहितको बिनियोजन विधेयक, २०८१ अनुमोदन गरी नगर सभामा पेश गर्ने।

६. यस नगरपालिकाको राजस्व परामर्श समितिको बैठकको निर्णय अनुमोदन गरी करका दरहरु अनुमोदन गर्ने। उक्त करका दरहरुका विषयमा प्राप्त सुझाव समेतलाई समेटी आर्थिक विधेयक, २०८१ अनुमोदन गरी आगामी नगर सभामा पेश गर्ने।

७. आ.ब. २०८१/०८२ का लागि वडा तथा शाखाहरुको बजेट योजना तथा कार्यक्रमहरु, विभिन्न विषयगत समितिबाट प्राप्त भएका योजना तथा कार्यक्रमहरुका सम्बन्धमा थप छलफल गरियो । बजेट तथा कार्यक्रम तर्जुमा समितिको मिति २०८१ असार ८ गतेको निर्णय अनुमोदन गर्ने ।

धौलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्याः ४४, २०७९-२०८४
मिति २०८१/०३/०९ को
निर्णय प्रमाणित ..........

८. नगरसभाको पन्ध्रौ अधिवेशनको मिति २०८१/०३/१० गतेको पहिलो बैठकमा पेश हुने एजेण्डाहरुका विषयमा बैठकका सदस्यहरुलाई जानकारी गराईयो । साथै बैठकको कार्यसूची माथी छलफल भई कार्यसूचीलाई अन्तिम रुप दिइयो ।

९. कोहलपुर नगरपालिका ५ नं वडा कार्यालयको मिति २०८१/०३/०८ गतेको निर्णयानुसार मिति २०८१ साल जेठ १३ गते आएको हावाहुरीका कारण क्षति भएका २ वटा घरहरुमध्ये चिजमाया कामी र छोटकउ चमारको घरमा क्षति पुऱ्याएकोले घर मर्मतका लागि क्षतिपुर्ति स्वरुप विपद व्यवस्थापन कोष कार्यविधि, २०७५ बमोजिम वडाको विपद व्यवस्थापन शीर्षकबाट जनही रु ५० हजारका दरले उपलब्ध गराउने निर्णय अनुमोदन गर्ने ।

१०. डुडुवा/रोहिणी खोला तटबन्ध निर्माण कार्य अन्तर्गत बनाईएको तटबन्धको वरी परी माटो पटान गर्ने कार्यका लागि साबिकमा गरिएको लागत अनुमानमा परिमाण उल्लेख नभएको र तत्काल माटो पटानको कार्य नगर्दा मनसुनजन्य विपदका कारण बनाईएको तटबन्धमा समेत क्षति पुग्ने सम्भावना देखिएकोले तटबन्ध संरक्षण गर्ने प्रयोजनका लागि माटो पटान गर्न प्राविधिकबाट तयार भएको लागत अनुमान रु ३१४,६५७.०७ पैसामा साबिक डुडुवा/रोहिणी खोला तटबन्धन योजनाका लागि ठेक्का पाएको निर्माण व्यवसायी खुशी निर्माण सेवाबाट कबोल गरिएको अङ्क (४०.५४ प्रतिशत घटी घटाउ दर) का आधारमा ४०.५४ प्रतिशत घटाई बाँकी हुन आउने रकम रु १८८,७८७.०४२ रुपैयाँमा नै काम गर्ने गरी खुशी निर्माण सेवालाई कार्यदिश दिने र सो कार्यका लागि भैपरी आउने पुँजिगत खर्चबाट रकम भुक्तानी गर्ने ।

११. कोहलपुर नगरपालिकाको गत आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदनबाट औंल्याइएको बेरुजु तथा हालसम्म कायम रहेको बेरुजु फर्छ्यौटका विषयमा लेखा समितिको प्रत्यक्ष रेखदेखमा रहने गरी आवश्यक कागजात तयार गरी सम्परीक्षण गर्ने कार्यमा सहयोग पुर्याउन कोहलपुर नगर कार्यपालिकाको मिति २०८०/०१/१२ को निर्णयानुसार राखिएका मुसिकोट ३ पश्चिम रुकुम स्थायी ठेगाना भई सेवा निवृत लेखा अधिकृत श्री खिम बहादुर खत्री क्षेत्रीलाई लेखा अधिकृत सरहको कर्मचारीले पाउने स्केल बराबरको पारिश्रमिक पाउने गरी ३(तीन) महिना दैनिक ज्यालादारीमा राख्ने र सेवा परामर्शबाट खर्च लेख्न निर्देशन दिने ।

१२. कोहलपुर नगरपालिका वडा नं २ स्थित मुक्ति आधारभूत विद्यालयलाई प्रदेश सरकारबाट निकासा भएको रकम रु १५ लाखबाट डिपिसी लेभलसम्मको कार्य पूरा नभई अधुरो हुने अवस्था देखिएकोले कोहलपुर नगरपालिका २ नं वडा समितिको मिति २०८१ बैशाख १३ गतेको निर्णय तथा च.नं १११३५८ मिति गतेको सिफारिश समेतका आधारमा नपुग हुन आउने रकम रु ४ लाख मध्ये रु ५० हजार वडाको विपद व्यवस्थापन कोषबाट र बाँकी रु ३ लाख ५० हजार रुपैयाँ नगरपालिकाको तर्फबाट विनियोजनका लागि लेखी आए बमोजिम कोहलपुर नगरपालिकाको नगरसभाको हिउँदे अधिवेशनबाट विनियोजित विभिन्न विद्यालयको पूर्वाधार निर्माण तथा गुणस्तर अभिबृद्धि शीर्षकबाट खर्च लेख्ने गरी स्रोत सुनिश्चित गराई कार्य



धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

गर्ने सम्बन्धमा मिति २०८१ बैशाख १४ गतेको निर्णय एवं योजना कार्यान्वयनको प्रकृया अनुमोदन गरी योजना निर्माणको कार्य अघि बढाउन निर्देशन दिने ।

१३. कोहलपुर नगरपालिकाको मिति २०८१ जेठ ३० गतेको रोजगार संयोजक करार सेवामा लिने सम्बन्धी सूचना अनुसार पर्न आएका आवेदनहरु उपर कारवाही गरी रोजगार संयोजक पदपुर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड २०७६ को अधीनमा रही पदपुर्ति गर्न सोही मापदण्डको दफा ६ बमोजिमको पदपुर्ति समितिको संयोजकमा कर्णाली प्रदेश योजना आयोगका पूर्व सदस्य एवं सेवा निवृत जिल्ला शिक्षा अधिकारी (रा.प.द्वितीय श्रेणी) श्री जीत बहादुर शाहलाई तोक्ने र विज्ञको रुपमा कोहलपुर नगरपालिकाको सूचना प्रविधि अधिकृत श्री सागर चौधरीलाई तोक्ने ।

१४. कोहलपुर नगरपालिकाको नगर अस्पताल अन्तर्गत रिक्त मेडिकल अधिकृत करार सेवामा लिने सम्बन्धमा यस कार्यालयबाट मिति २०८१ जेठ २९ गते प्रकाशित सूचना बमोजिम कुनै पनि आवेदन पेश हुन आएको नदेखिँदा दोश्रो पटकका लागि ७(सात) दिने सूचना पुनः प्रकाशन गर्न निर्देशन दिने ।

१५. कोहलपुर नगरपालिकाको पूर्वाधार विकासका क्षेत्रमा भएको कार्यबोझ एवं कार्यविवरण समेतका आधारमा हाल रहेका अधिकृतस्तरका प्राविधिक कर्मचारीको अपर्याप्तता रहेको कारण स्वीकृत संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदनको अधिनमा रही १ जना अधिकृत छैठौं सरहको इन्जिनियर “करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७५" बमोजिम पदपुर्तिको प्रकृया अघि बढाउने ।

१६. कोहलपुर नगरपालिकाको प्रशासकिय कार्यविधि ऐन, २०७९ मा एकमहिने तालिम वा सो भन्दा लामो अवधिका तालिममा सेवा प्रदायक वा प्रशिक्षकलाई दिइने पारिश्रमिक तय भएको अवस्था नदेखिएकोले स्थानीय तहले आधारको रुपमा लिन मिल्ने प्रदेश कानून अन्तर्गत लुम्बिनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका २०७९ बमोजिम स्थानीय तहमा सञ्चालन हुने तालिम कार्यक्रममा प्रदेशमा निर्धारित पारिश्रमिकको ५० प्रतिशत पारिश्रमिक निर्धारण गर्ने गरी कार्यविधिमा संशोधन गर्ने र हालसम्म भएका पारिश्रमिक भुक्तानीको कार्यलाई अनुमोदन गर्ने ।

१७. आ.ब. २०८०/०८१ को शाखा एवं वडा सिलिङ्मा विनियोजित तपसिल बमोजिमका शाखा एवं वडा समितिबाट निर्णय भै आएका योजना/कार्यक्रम संशोधन एवं ब्रेकडाउन आगामी नगरसभाबाट अनुमोदन हुने गरी स्वीकृत गर्ने ।

| शिक्षा तथा खेलकुद शाखा | | | | |
|---|---|---|---|---|
| सि.नं. | साविक योजना/कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
| | | स्थानीय पाठ्यपुस्तक “हाम्रो कोहलपुर” (कक्षा ४-५) | ५६५००० | |

धौलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ४४, २०७९-२०८४
मिति २०८१/०३/०९ को
निर्णय प्रमाणित ..............

| | | | | |
|---|---|---|---|---|
| १ | बालविकास शिक्षकहरुलाई सुनौलो कोसेली (सि.नं.४७०) बाट | शिक्षण सिकाइ सहजकर्ता छनौट भुक्तानी | २५०००० | |
| **वडा नं. २ (वडा समितिको मिति २०८१/०३/०१ को निर्णय)** | | | | |
| **सि.नं.** | **साविक योजना/ कार्यक्रमको नाम** | **संशोधित योजनाको नाम** | **रकम रु.** | **कैफियत** |
| १ | वडा विपद व्यवस्थापन कोष (सि.नं.१९७) बाट | मुक्ति आधारभूत विद्यालयको भवन निर्माण | ५०,००० | |
| **वडा नं. १३ (वडा समितिको मिति २०८१/०३/०५ को निर्णय)** | | | | |
| १ | वडाको शिक्षा तर्फ (सि.नं. ३९४) बाट रु.४ लाख | वडा नं. १३ को विभिन्न ठाउँहरुमा ग्राभेल गर्ने ह्युम पाईप राख्ने | ७,००,००० | |
| २ | वडा नं. १३ आर्थिक विकास तर्फ (सि.नं. ३९६) बाट रु. ३ लाख | | | |
| **वडा नं. १४ (वडा समितिको मिति २०८१/०३/०८ को निर्णय)** | | | | |
| १ | राम मा.बि. मा अध्ययनरत छात्र/छात्राका लागि Basic/ Diploma कम्प्यूटर तालिम तथा कम्प्युटर मर्मत | राम मा.बि. मा अध्ययनरत छात्र/छात्राका लागि Basic/ Diploma कम्प्यूटर तालिम, ल्याब मर्मत र कम्प्युटर खरिद | ३,००,००० | चौधौं नगरसभाबाट संशोधित सि.नं. ४१२ |
| **वडा नं. ५ (वडा समितिको मिति २०८१/०३/०८ को निर्णय)** | | | | |
| १ | विपद व्यवस्थापन कोष | वडाका विभिन्न सडकमा ढल निकास र पानी आवागमनका लागि ह्युमपाइप जडान | २,००,००० | |
| **वडा नं. ११ (वडा समितिको मिति २०८१/०३/०४ को निर्णय)** | | | | |
| १ | प्रबुद्ध जेष्ठ नागरिक मञ्चमा भान्छाकोठा (सि.नं.३५१) | वडा कार्यालयका लागि एसि खरिद | १,००,००० | |
| २ | क्रियापुत्री अपूर्ण भवन निर्माण | विपद व्यवस्थापन कोष | १,००,००० | |
| **स्वास्थ्य:** | | | | |
| १ | नगर अस्पताल तथा नगर स्वास्थ्य प्रवर्द्धन केन्द्रका लागि ल्याब उपकरण र रिएजेण्ट खरिद (सि.नं. ५२०) | आधारभूत स्वास्थ्य सेवाको लागि निःशुल्क औषधी तथा अन्य उपकरण खरिद | १६५००० | |

धौलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्याः ४४, २०७९-२०८४
मिति २०८१/०३/०९ को
निर्णय प्रमाणित ..............

| | | | | |
|---|---|---|---|---|
| २ | पाठेघर तथा स्तन क्यान्सर स्क्रिनिङ शिविर १५ वडामा (सि.नं. ५२५) | आधारभूत स्वास्थ्य सेवाको लागि निःशुल्क औषधी तथा अन्य उपकरण खरिद | १,४७,००० | |
| **महिला बालबालिका तथा समाज कल्याणः** | | | | |
| १ | महिला विकास समुह समितिका सदस्यहरुलाई नेतृत्व तथा क्षमता सिप विकास तालिम (सि.नं.५६५) | नगर स्तरीय बाल क्लबका लागि विविध कार्यक्रम | २,००,००० | सि.नं. ५६२ मा थप |

धीलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत